तिनाउ गाउँपालिका
Tinau Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या /Letter No.:- २०८३।०८४
चलानी नं /Ref. No.:- २०
सूचना नं.

साँस्कृतिक डवली नुवाकोट ठेक्काको लागि वोलपत्र आह्ववानको सूचना !

(तेस्रो पटक प्रकाशित मितिः २०८३।०७।११)

तिनाउ गाउँपालिका वडा नं. २ मा रहेको साँस्कृतिक डवली नुवाकोट भाडामा दिने निर्णय भएकोले इच्छुक ब्यवसायिक फर्म वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि फर्मको नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र डवली भाडामा लिएपछि ब्यवस्थापन सम्बन्धी योजना, पूर्वाधारहरु निर्माण गर्ने भए सो को समेत योजना संलग्न गरी देहायको शर्त र अधीनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्ने बारे सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

सि. न.	सूचना नं.	विवरण	न्यूनतम कवोल रकम (बार्षिक) (सेवा शुल्क र मू.अ. कर बाहेक)	बोलपत्र जमानत (धरौटी रकम)	बोलपत्र दस्तुर	समयवधी
१	TRM/A/01-083/084	सांस्कृतिक डवली नुवाकोट ब्यवस्थापन	४,६२,०००।०० (चार लाख बैसट्ठी हजार मात्र)	१३,०००।००	१,०००।००	५ बर्ष

शर्तहरुः

१. बोलपत्र फारम यस कार्यालयको प्रशासन शाखाबाट यो सूचना प्रकाशित भएको मितिले ७ औँ दिनको कार्यालय समय भित्र उल्लेखित रकम तिरी (फिर्ता नहुने गरी) खरिद गरी आठौँ दिनको १२ बजेभित्र गोप्य शिलबन्दी गरी बुझाउनुपर्नेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र जमानत बापतको रकम यस कार्यालयको लक्ष्मी बैङ्कमा रहेको ग. ३.१ धरौटी खाता: ०८१०३०००१८५ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी जारी भएको र बोलपत्र खोल्ने मिति देखी ९० दिनको म्याद रहेको विड बन्ड।

०८३/८/११

(फर्सुराम भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत